# वैतेश्वर राजपत्र

**वैतेश्वर गाउँपालिकाद्धारा प्रकाशित**

**खण्ड ६) पाडुडाँडा, दोलखा, बागमती प्रदेश, नेपाल असार २९ गते २०८० (संख्या ३**


## भाग १

### वैतेश्वर गाउँपालिका सहकारी ऐन २०७५ (पहिलो संसोधन) २०८०

**(गाउँ सभाबाट पारित)**

(सभाबाट स्वीकृत मिति : २०८०/०३/२५)

१) परिच्छेद-१ को दफा २ मा (फ) थपिएको छ।

(फ) "स्थानीय तह" भन्नाले बैतेश्वर गाउँपालिका सम्झनुपर्छ ।

२) परिच्छेद २ को दफा ३ को उपदफा ५ हटाइएको छ ।

३) परिच्छेद २ को दफा ५ को उपदफा २ मा (घ) थपिएको छ ।

(घ) तोकिए बमोजिमका अन्य विवरण।

४) परिच्छेद २ को दफा ६ मा उपदफा ६ र ७ थप गरिएको छ ।

(६) बैतेश्वर गाँउपालिका कार्यक्षेत्र भएका सहकारी संस्थाहरुले गाउँपालिकामा सूचीकृत भै प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ।

(७) उपदफा (६) बमोजिम सूचीकृत तथा नविकरण दस्तुर बैतेश्वर गाँउपालिकाको आर्थिक ऐनले तोकिए बमोजिम हुनेछ।

५) परिच्छेद ५ को उपदफा १ मा अठार वर्षको सट्टा सोह्र वर्ष भन्ने शब्द राखिएको छ।

६) परिच्छेद ६ को दफा २८ को उपदफा ३ (घ) मा पच्चिस प्रतिशतको सट्टा पन्ध्र प्रतिशत राखिएको छ।

७) परिच्छेद ७ को दफा ३९ को उपदफा ७ मा शेयर पुँजी कोषको दश गुणा सम्मको सट्टा प्राथमिक पुँजीकोषको पन्ध्र गुणासम्म वचत संकलन गर्न पाउने भन्ने राखिएको छ ।

८) परिच्छेद ७ को दफा ४१ मा व्यक्तिगत वचतको सिमा तीस लाख सम्म हुनेछ को सट्टा सम्बन्धित सहकारीको विनियममा तोकिए बमोजिम हुनेछ भन्ने राखिएको छ।

९) परिच्छेद ९ को दफा ४३ को उपदफा ३ मा संस्थाले बचत खाताहरु मात्र सन्चालन गर्न सक्नेछ को सट्टा सबै प्रकारका वचत खाताहरु सञ्चालन गर्न सक्नेछ भन्ने राखिएको छ ।

१०) परिच्छेद १० को दफा ४६ मा उपदफा (२) थप गरिएको छ ।

(२) उपदफा १ को खण्ड (ङ) बमोजिमको रकम प्राप्त गर्नु अघि अर्थ मन्त्रालयको स्वीकृति लिनुपर्नेछ ।

११) परिच्छेद १० दफा ५० को उपदफा (२) मा एक वर्षको शेयर लाभाशंको रकम शेयर पुँजीको पन्ध्र प्रतिशत भन्दा बढी हुने छैन को सट्टा अठार प्रतिशत भन्दा बढी हुने छैन भन्ने राखिएको छ ।

१२) परिच्छेद १७ दफा ७२ को उपदफा १ मा बीस प्रतिशत सदस्यको सट्टा पाँच प्रतिशत राखिएको छ ।

१३) परिच्छेद १८ दफा ७७ को उपदफा १ (च) मा बीस प्रतिशत वा बीस जना मध्ये जुन कम हुन्छ को सट्टा पच्चिस जना सदस्य भन्ने राखिएको छ ।

१४) परिच्छेद १९ दफा ८१ को उपदफा १ (च) मा प्राथमिक पुँजी कोषको दश गुणाको सट्टा पन्ध्र गुणा राखिएको छ ।

१५) परिच्छेद १९ दफा ८१ को उपदफा १ (छ) मा शेयर पुँजिको पन्ध्र प्रतिशतको सट्टा अठार प्रतिशत राखिएको छ।

**आज्ञाले**

**ऋषिराम ज्ञवाली**

**प्रमुख प्रशासकीय अधिकृत**